# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ७, श्रावण २२ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।४।२२

व्यास नगरपालिका प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ४ (२) “उपदफा (१) बमोजिम तयार भएको कार्य योजना नगरपालिकाको सभामा पेश गर्नु पर्नेछ” को **सट्टा** “उपदफा (१) बमोजिम तयार भएको कार्य योजना नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ” भन्ने राखिएको छ ।

२. दफा ४ (३) “प्राकृतिक स्रोत उत्खनन् र सङ्कलन सम्बन्धमा नगरपालिकाबाट तयार पारिएको वार्षिक कार्य योजनालाई सभाले स्वीकृत गर्नेछ” को **सट्टा** “प्राकृतिक स्रोत उत्खनन् र सङ्कलन सम्बन्धमा नगरपालिकाबाट तयार पारिएको वार्षिक कार्य योजनालाई कार्यपालिकाले स्वीकृत गर्नेछ” भन्ने राखिएको छ ।

३. दफा ५ वातावरणीय अध्ययनः (१) “प्राकृतिक स्रोतको उत्खनन् र सङ्कलन गर्नुअघि नगरपालिकाले प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ” को **सट्टा** प्राकृतिक स्रोतको उत्खनन् र सङ्कलन गर्नुअघि नगरपालिकाले प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ भन्ने वाक्य पछाडि “यसरी तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नगर कार्यपालिकाले स्वीकृत गर्नेछ र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गण्डकी प्रदेश सरकार समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ” भन्ने थप गरिएको छ ।

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत